धितोपत्र सम्बन्धी ऐन, २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको

कोष प्रवर्द्धक:
NIC ASIA
एन आई सी एशिया बैंक लि.

योजना व्यवस्थापक:
NIC ASIA CAPITAL

# एन आई सी एशिया बैंक म्युचुअल फण्ड

अन्तर्गत सञ्चालित

## एन आई सी एशिया डाईनामिक डेप्ट फण्ड (खुलामुखी योजना)
## NIC ASIA Dynamic Debt Fund (Open-Ended Scheme)

को

## आर्थिक वर्ष २०८१/०८२ को प्रतिफल वितरण, इकाईधनी दर्ता किताब बन्द तथा प्रतिफल पुनः लगानी योजना सम्बन्धी सूचना

एन आई सी एशिया बैंक लिमिटेड कोष प्रवर्द्धक र एन आई सी एशिया क्यापिटल लिमिटेड योजना व्यवस्थापक तथा डिपोजिटरी रहेको एन आई सी एशिया बैंक म्युचुअल फण्ड अन्तर्गत सञ्चालित खुलामुखी योजना "**एन आई सी एशिया डाईनामिक डेप्ट फण्ड**" को आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षणको कार्य सम्पन्न भई योजना व्यवस्थापकको मिति २०८२/०४/१८ गते बिहान ९:०० बजे बसेको संचालक समितिको १६०औं बैठकले आर्थिक वर्ष २०८१/०८२ का लागि उक्त योजनाका इकाईधनीहरुलाई कर सहित ५.५५% प्रतिफल (नगद लाभांश) वितरण गर्ने निर्णय गरेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराउँदछौ । उक्त प्रतिफल वितरण प्रयोजनका लागि मिति २०८२/०४/१८ गतेमा नै इकाईधनी दर्ता किताब बन्द (Book Close) गर्ने निर्णय भएको हुँदा मिति २०८२/०४/१७ गतेसम्म कायम रहेका/इकाई खरिद गरेका सम्पूर्ण इकाईधनीहरुले मात्र माथि उल्लेखित प्रतिफलको लागि योग्य मानिने जानकारी समेत यसै सूचना मार्फत सम्बन्धित सबैमा जानकारी गराउँदछौ ।

"**एन आई सी एशिया डाईनामिक डेप्ट फण्ड**" खुलामुखी योजना रहेको र उक्त योजनाका इकाईधनीहरुले प्राप्त गर्ने (कर तथा निर्धारित डिपि शुल्क कट्टी पछिको) प्रतिफल रकम बराबरले हुन आउने रकम समायोजित खुद सम्पत्ति मूल्यमा पुनः लगानी गर्न सकिने (Dividend Re-investment Plan) व्यवस्था संचालनमा रहेको व्यहोरा अनुरोध छ । उक्त योजनामा सहभागी हुनको लागि एन आई सी एशिया क्यापिटलको वेभसाइट www.nicasiacapital.com मा गई अनलाइन मार्फत रितपुर्वक विवरण भरी उक्त Dividend Re-investment Plan मा सहभागी हुन सकिने छ । उक्त योजनामा सहभागिहरुले प्राप्त प्रतिफल रकम बराबरको इकाई सम्बन्धित इकाईधनीको हितग्राही खातामा पठाइदिने व्यवस्था मिलाइने छ । साथै यस अघि नै उक्त योजनामा सहभागी भईसकेका योग्य इकाईधनीहरुको हकमा प्राप्त प्रतिफल बराबरको इकाई सम्बन्धित इकाईधनीको हितग्राही खातामा सोझै पठाईने व्यवस्था मिलाइएको ब्यहोरा समेत सहर्ष जानकारी गराउँदछौ ।

NIC ASIA CAPITAL

योजना व्यवस्थापक/डिपोजिटरी
**एन आई सी एशिया क्यापिटल लिमिटेड**
ट्रेड टावर नेपाल, थापाथली, वडा नं. ११, काठमाण्डौ
फोन: ९७७-१-५७०५९९४, फ्याक्स: ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com
Website: www.nicasiacapital.com

मिति २०८२/४/१९ गते कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित गर्ने